# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४०) काठमाडौं, चैत ४ गते २०४७ साल (अतिरिक्ताङ्क६२


## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. २५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नागरिक लगानी कोषको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: देशको आर्थिक विकासको लागि सर्वसाधारण जनतालाई समेत पूंजीको बचत गर्न प्रोत्साहित गरी लगानीका अवसरहरू बढाउन तथा पूंजी बजारको विकासमा गतिशिलता ल्याउन एउटा नागरिक लगानी कोषको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नागरिक लगानी कोष ऐन, २०४७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नागरिक लगानी कोष सम्झनु पर्छ ।

(ख) "साधारण सभा" भन्नाले दफा २१ बमोजिम बोलाइएको शेयरवालाहरूको साधारण सभा सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले दफा २५ बमोजिम गठन भएको कोषको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष समेतलाई जनाउँछ ।

(च) "कार्यकारी निर्देशक" भन्नाले दफा ४२ बमोजिम नियुक्त कोषको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(छ) "शेयर" भन्नाले कोषको शेयर पूंजीको विभाजित अंश सम्झनुपर्छ।

(ज) "शेयरवाला" भन्नाले कोषको शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ ।

(झ) "शेयर प्रमाणपत्र" भन्नाले शेयरवालालाई शेयर खरीद गरे वापत कोषले प्रदान गरेको निस्सा सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) "कर्जा" भन्नाले कुनै चल वा अचल सम्पत्ति धितो वा बन्धक लिई वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई कोषले निर्धारण गरेको शर्तमा दिने ऋण सम्झनु पर्छ ।

(ट) "डिबेन्चर" भन्नाले कोषको जायजेथा धितो राखी वा नराखी कोषले जारी गरेको ऋणपत्र सम्झनु पर्छ ।

(ठ) "ऋणपत्र" भन्नाले राष्ट्र ऋण ऐन, २०१७ अन्तर्गत श्री ५ को सरकारले निष्काशन गरेको ऋणपत्र सम्झनु पर्छ ।

(ड) "धितोपत्र (सेक्यूरिटी)" भन्नाले शेयर, स्टक, नगद, डिबेन्चर, डिबेन्चर स्टक र श्री ५ को सरकारले जारी गरेको ऋणपत्र सम्झनु पर्छ र सो शब्दले धितोपत्रको धरौटी सम्बन्धी भर्पाई तथा धितोपत्र सम्बन्धी हक र अधिकारपत्र समेतलाई जनाउँछ ।

(ढ) "लगानी" भन्नाले कुनै संगठित संस्थाको शेयर वा डिबेन्चर र अन्य धितोपत्रहरूमा गरिएको लगानी सम्झनु पर्छ ।

(ण) "लगानीकर्ता हिसाब योजना (इन्भेष्टमेन्ट एकाउन्ट स्कीम)" भन्नाले दफा १५ बमोजिम कोषले सञ्चालन गरेको लगानीकर्ता हिसाब योजना सम्झनु पर्छ ।

(त) "नागरिक एकाङ्क योजना (सिटीजन युनिट स्कीम)" भन्नाले दफा १६ बमोजिम कोषले सञ्चालन गरेको नागरिक एकाङ्क योजना सम्झनु पर्छ र सो शब्दले कोषले तोकिए बमोजिम सञ्चालन गरेको समूहगत बचत परियोजना (म्यूचुयल फण्ड स्कीम) लाई समेत जनाउँछ ।

(थ) "एकाङ्क (युनिट)" भन्नाले नागरिक एकाङ्क योजना अन्तर्गत पूंजी संकलन गर्न जारी गरिएको एकाङ्क सम्झनु पर्छ ।

(द) "एकाङ्कवाला (युनिटहोल्डर)" भन्नाले कोषको एकाङ्कमा स्वामित्व भएको व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ ।

(ध) "एकाङ्क प्रमाणपत्र" भन्नाले नागरिक एकाङ्क योजनामा रकम लगानी गरे बापत कोषले एकाङ्कवालालाई प्रदान गरेको निस्सा सम्झनु पर्छ ।

(न) "प्राविधिक उप-समिति" भन्नाले दफा ४३ बमोजिम गठन भएको विशेषज्ञहरूको प्राविधिक उप-समिति सम्झनु पर्छ ।

(प) "संगठित संस्था" भन्नाले प्रचलित कानून बमोजिम संगठित संस्थाको रूपमा स्थापना भएको बैंक, पब्लिक कम्पनी, उद्योग वा त्यस्तै अन्य सरकारी वा गैर सरकारी संस्था सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(फ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

परिच्छेद–२

स्थापना, पूंजी र व्यवस्थापन

३. कोषको स्थापनाः (१) नागरिक लगानी कोषको नामबाट एउटा कोष स्थापना हुनेछ ।

(२) कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(३) कोषको काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(४) कोषले यस ऐनको अधीनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, राख्न, बेच बिखन गर्न र त्यस्तै अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(५) कोषले आफ्नो नामबाट नालिश उजूर गर्न र कोष उपर पनि सोही नामबाट नालिश उजूर लाग्न सक्नेछ ।

(६) कोषको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ र कोषले नेपाल अधिराज्य भित्र वा बाहिर शाखाहरू खोल्न तथा एजेन्ट वा प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

४. शेयर पूंजी र शेयरवालाः (१) कोषको अधिकृत पूंजी आठ करोड रूपैयाँ हुनेछ र सो रकमलाई एक सय रूपैयाँ दरको आठ लाख शेयरमा विभाजन गरिनेछ ।

(२) कोषको जारी पूंजी चार करोड रूपैयाँ र चुक्ता पूंजी दुई करोड चालीस लाख रूपैयाँ हुनेछ । सो रकमको शेयरलाई देहाय बमोजिम बाँडफाँड गरी वितरण गरिनेछ :–

| | |
|---|---|
| (क) श्री ५ को सरकार | १० प्रतिशत |
| (ख) नेपाल राष्ट्र बैंक | ४० प्रतिशत |
| (ग) सेक्यूरिटी खरीद बिक्री केन्द्र | १० प्रतिशत |
| (घ) अन्य बैंक तथा वित्तीय संस्थाहरू | २० प्रतिशत |
| (ङ) सर्वसाधारण जनता | २० प्रतिशत |

(३) उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिम कोषको शेयर बिक्री वितरण गर्दा धितोपत्र कारोबार ऐन, २०४० को अधीनमा रही गर्नु पर्नेछ ।

तर कोषले कुनै विदेशी बैंक वा वित्तीय संस्था वा विदेशी नागरिकलाई शेयर बिक्री वितरण गर्नु पर्ने भएमा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) शेयरको लागि दरखास्तको आह्वान, शेयरको बाँडफाँड किस्ताको माँग र शेयर प्रमाणपत्र वितरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) प्रत्येक शेयर अविभाज्य हुनेछ र शेयरवालाले आफूले लिएको प्रत्येक शेयरको एक मतको हिसाबले साधारण सभामा मत दिन पाउनेछ ।

(६) शेयरवालाको दायित्व निजले लिएको शेयरको मूल्यको हदसम्म सीमित रहनेछ ।

५. शेयर पूंजीमा थपघट हुन सक्नेः समितिले श्री ५ को सरकारको पूर्व स्वीकृति लिई कोषको शेयर पूंजीमा आवश्यकता अनुसार थपघट गर्न सक्नेछ ।

६. विवरणपत्र प्रकाशित गर्नु पर्नेः कोषले आफ्नो शेयर वा डिबेन्चर बिक्रीको लागि निष्काशन गर्नु भन्दा आगाडि तोकिए बमोजिमको कुराहरू खुलाई तोकिए बमोजिम विवरणपत्र प्रकाशित गर्नु पर्नेछ ।

७. शेयरको दरखास्तः कोषको शेयर खरीद गर्न चाहने व्यक्ति वा संगठित संस्थाले तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

८. शेयर प्रमाणपत्रः (१) प्रत्येक शेयरवालालाई निजले लिएको शेयरको तोकिए बमोजिमको ढाँचामा प्रमाणपत्र दिइनेछ ।

(२) प्रमाणपत्रमा खुलाउनु पर्ने विवरण तथा प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. डिबेन्चर जारी गर्नेः (१) डिबेन्चर जारी गर्न आवश्यक परेमा समितिले उपदफा (२) र (३) को अधीनमा रही दफा ६ बमोजिम विवरणपत्र प्रकाशित गरी डिबेन्चर जारी गर्न सक्नेछ ।

(२) कोषको चल अचल जायजेथा धितो लेखी डिबेन्चर जारी गर्ने भएमा श्री ५ को सरकार वा श्री ५ को सरकारले तोकिदिएको निकायको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) कोषको जायजेथा धितो नलेखी डिबेन्चर जारी गरिएकोमा सो जारी गरिएको मितिले सात दिन भित्र सो को जानकारी श्री ५ को सरकारलाई दिनु पर्नेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कोषले अघिल्ला साहुहरू लाई लेखी दिएको धितोले खामेसम्म सोही धितो राखी अघिको साहु र थैली समेत स्पष्ट देखाई अरू साहुसंग पनि कर्जा लिन सक्नेछ ।

(५) कोषले आफूले जारी गरेको डिबेन्चर लिने प्रत्येक साहुहरूको नाम नामेसी, डिबेन्चरको रकम र अन्य आवश्यक विवरणहरू लेखी छुट्टै किताब खडा गरी राख्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. शेयरको हस्तान्तरण तथा दाखिल खारेज: (१) कोषको शेयर यस ऐनको अधीनमा रही चल सम्पत्ति सरह हक छोडी दिन वा धितो बन्धक राख्न सकिनेछ ।

(२) कुनै शेयरवाला मरी वा निजको आफ्नो जायजेथा साहुलाई दामासाही गराई वा उपदफा (१) बमोजिम निजले आफ्नो नामको शेयर अरू कसैलाई हक छाडी दिएमा वा अरू कुनै व्यहोराले शेयरमा अरू कसैको हक हुन आएमा सो कुराको सबूद साथ सो हक प्राप्त गर्ने व्यक्तिले कोषमा दरखास्त दिएमा सो शेयर तोकिए बमोजिम निजको नाममा दाखिल खारेज गरिनेछ ।

(३) हक हस्तान्तरण तथा दाखिल खारेज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. शेयरवालाको दर्ता किताब: (१) कोषले प्रत्येक शेयरवालाको नाम तोकिएको ढाँचाको दर्ता किताबमा तोकिए बमोजिमको विवरण समेत खुलाई दर्ता गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता किताबमा दफा १० बमोजिम शेयर हस्तान्तरण भएमा वा धितो बन्धक दिएमा वा दाखिल खारेज हुने भएमा सो को व्यहोरा समेत जनाई दर्ता किताब अध्यावधिक बनाई राख्नु पर्नेछ ।

१२. ऋण तथा अनुदान लिने अधिकार: कोषले आफ्नो पूंजी बढाउन ऋण तथा अनुदान लिन सक्नेछ ।

तर कोषले कुनै विदेशी बैंक वा संघ संस्थाबाट ऋण लिनु पर्ने भएमा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

१३. शेयर वापतको रकम भुक्तानी: (१) शेयरवालाले शेयर वापत किस्ता तलब गरिएको रकम तोकिए बमोजिम भुक्तानी गर्नु पर्नेछ ।

(२) कुनै शेयरवालाले उपदफा (१) बमोजिम किस्ता तलब गरिएको रकम भुक्तानी नगरेमा कोषले त्यस्तो शेयरवालाको नाममा दर्ता रहेको शेयर र सो वापत बाँडिने मुनाफा समेत रोक्का गरी मुनाफाबाट लिन वा तोकिए बमोजिम त्यस्तो शेयर जफत गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम शेयर जफत गरिएमा त्यस्तो शेयर कोषले तोकिए बमोजिम बिक्री गर्न वा अरू कुनै प्रकारले दिन वा खारेज गर्न सक्नेछ ।

१४. शेयर तथा डिबेन्चरमा हकदार: कोषको शेयर तथा डिबेन्चर कोषको रजिष्टरमा जसको नाममा दर्ता भएको छ कोषले उसैलाई त्यसको हकबार सम्झने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–३

लगानीकर्ता हिसाब योजना र नागरिक एकाङ्क योजना

१५. लगानीकर्ता हिसाब योजना सञ्चालन: कोषले तोकिए बमोजिमको शर्तमा विभिन्न क्षेत्रमा लगानी गर्नका लागि लगानीकर्ताहरूको नाममा लगानीकर्ता हिसाब योजना (इन्भेष्टमेण्ट एकाउन्ट स्कीम) खडा गरी सञ्चालन गर्न सक्नेछ ।

१६. नागरिक एकाङ्क योजना सञ्चालन: कोषले एउटा दृष्टिको रूपमा बचतकर्ताहरू-लाई दक्ष लगानी प्रबन्ध सेवा प्रदान गरी बढी लाभ वितरण गर्ने उद्देश्यले तोकिए बमोजिम विभिन्न प्रकृति र किसिमका नागरिक एकाङ्क योजना (सिटिजन युनिट स्कीम) सञ्चालन गर्न सक्नेछ ।

१७. श्री ५ को सरकारको विशेष अधिकार: (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सरकारी कार्यालय र सो सूचनामा तोकिएका संगठित संस्थाहरूलाई आफ्नो कार्यालय वा संस्थामा कार्यरत कर्मचारी तथा कामदारहरूले पाउने मासिक पारिश्रमिकबाट सोही सूचनामा तोकिएको अवधिका लागि तोकिएको प्रतिशत बराबरको रकम अनिवार्य रूपमा कट्टी गरी लगानीकर्ता हिसाब योजनामा जम्मा गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेशको पालना गर्नु सम्बन्धित कार्यालय वा संगठित संस्था र त्यस्तो कार्यालय वा संगठित संस्थामा कार्यरत कर्मचारी तथा कामदारको कर्तव्य हुनेछ ।

१८. लगानीकर्ता हिसाब योजना वा नागरिक एकाङ्क योजनामा रकम जम्मा गर्ने व्यवस्था: स्वदेश तथा विदेशमा बसोबास गरेका नेपाली नागरिकहरूले लगानी-कर्ता हिसाब योजना वा नागरिक एकाङ्क योजनामा कोषले निर्धारण गरे बमोजिम रकम जम्मा गर्न सक्नेछ ।

१९. प्रतिफल बाँडिने: (१) दफा १७ बमोजिम लगानीकर्ता हिसाब योजनामा अनिवार्य रूपमा जम्मा भएको रकममा कोषले प्रत्येक आर्थिक वर्षमा दिने प्रतिफलको दर श्री ५ को सरकारले समय समयमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ ।

(२) दफा १७ बमोजिम लगानीकर्ता हिसाब योजनामा जम्मा भएको रकम र उपदफा (१) बमोजिम त्यस्तो रकममा दिनु पर्ने प्रतिफलको रकमको भुक्तानी तोकिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कोषले उपदफा (२) बमोजिम रकम भुक्तानी दिन नसकेमा त्यस्तो रकमको भुक्तानी श्री ५ को सरकारले दिनेछ ।

(४) दफा १८ बमोजिम लगानीकर्ता हिसाब योजना वा नागरिक एकाङ्क योजनामा जम्मा भएको रकमको लगानीबाट आर्जित आम्दानीबाट तोकिए बमोजिमको खर्च र सेवा शुल्क तथा जोखिम लगानी जगेडा कोष र लाभांश समिकरण जगेडा कोष (डिभिडेन्ड इक्वीलाइजेशन फण्ड) मा तोकिए बमोजिम राख्नु पर्ने रकम कट्टी गरी बाँकी रकम सम्बन्धित लगानीकर्ताहरूलाई प्रतिफल स्वरूप समानुपातिक हिसाबले बाँडिनेछ ।

२०. एकाङ्क प्रमाणपत्रः (१) कोषले प्रत्येक एकाङ्कवाला (युनिट होल्डर) लाई तोकिए बमोजिमको ढाँचामा एकाङ्क प्रमाणपत्र दिनु पर्नेछ ।

(२) एकाङ्क प्रमाणपत्र प्रचलित कानूनका अधीनमा रही विनिमय हस्तान्तरण वा नामसारी गर्न सकिनेछ ।

(३) एकाङ्क प्रमाणपत्रको नामसारी, दाखिल खारेज वा विनिमय सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–४

## साधारण सभा तथा सञ्चालक समिति

२१. साधारण सभाः (१) कोषको स्थापना भएको एक वर्ष भित्र प्रारम्भिक साधारण सभा बस्नेछ । त्यस पछि प्रत्येक वर्ष आर्थिक वर्ष पूरा भएको छ महिना भित्र वार्षिक साधारण सभा बस्नेछ ।

(२) उपदफा (१) बमोजिम साधारण सभा गर्नको निमित्त कम्तिमा एक्काईस दिन अगावै सभा हुने स्थान, मिति र समय खोली शेयरवालाहरूलाई सूचना दिनु पर्नेछ र सो कुराको सूचना नेपालका प्रमुख पत्र-पत्रिकामा पनि प्रकाशित गर्नु पर्नेछ ।

(३) कोषको कूल शेयर संख्याको साठी प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरवालाहरू मध्ये दश प्रतिशत शेयरवालाहरू स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा साधारण सभाको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) उपदफा (३) मा लेखिएबमोजिमको संख्यामा शेयरवालाहरू उपस्थित नभएकोले सभा हुन नसकेमा कम्तिमा सात दिनको सूचना दिई अर्को पटक सभा बोलाउँदा कूल शेयर संख्याको तेंतीस प्रतिशत शेयरको प्रतिनिधित्व



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुने गरी साधारण सभामा उपस्थित भई मतदान गर्न पाउने कम्तिमा पाँच जना शेयरवालाहरू स्वयं उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

(५) सभामा भाग लिने र मतदान गर्ने अधिकार तथा सभा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. सञ्चालक नियुक्ति गर्दा मतदान गर्ने अधिकार। (१) सञ्चालक नियुक्ति गर्न मतदान गर्दा प्रत्येक शेयरवालालाई निजले लिएको शेयर संख्याले नियुक्ति गर्नु पर्ने सञ्चालकको संख्यालाई गुणन गर्दा हुन आउने संख्या बराबरको मतको हिसाबले मतदान गर्ने अधिकार हुनेछ र त्यसरी मतदान गर्ने शेयरवालाले आफ्नो सबै मत एउटै उम्मेदवार वा एक भन्दा बढी उम्मेदवारलाई निजले तोके बमोजिम हुने गरी मतदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्री ५ को सरकार तथा संगठित संस्थाहरूले दफा २५ बमोजिम सञ्चालकहरूको मनोनयन गर्ने भएमा यस दफा बमोजिम हुने मतदानमा मतदान गर्न पाउने छैनन् ।

२३. साधारण सभामा पेश र छलफल गर्नु पर्ने विषयहरू: (१) वार्षिक साधारण सभामा समितिले लेखा परीक्षण भै सकेको वासलात तथा गत आर्थिक वर्षको नाफा नोक्सान हिसाब पेश गर्नु पर्नेछ ।

(२) जम्मा मत संख्याको कम्तिमा पाँच प्रतिशत मतको प्रतिनिधित्व गर्ने शेयरवाला वा शेयरवालाहरूले कुनै विषय साधारण सभामा छलफल र निर्णयको लागि पेश गर्न चाहेमा सो साधारण सभा बस्ने सूचना जारी हुनु अगावै अध्यक्ष समक्ष दरखास्त दिई पेश गर्न सक्नेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम पेश भएका विषयको अतिरिक्त साधारण सभामा कोषको हिसाब किताब, समितिको प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन, शेयरवालाहरूमा बाँडीने मुनाफा, सञ्चालकको नियुक्ति र पारिश्रमिक आदि उपर विचार गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा २१ को उपदफा (१) बमोजिम बोलाइएको प्रारम्भिक साधारण सभामा समितिले सो सभा हुनु भन्दा अगाडि कोषले गरेको कारोबारको विवरण सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(५) साधारण सभामा पेश गरिने प्रस्ताव, छलफल र निर्णय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४. विशेष साधारण सभा : (१) समितिले आवश्यक देखेमा विशेष साधारण सभा बोलाउन सक्नेछ ।

(२) कोषको लेखा परीक्षण गर्दा कुनै कारणले विशेष साधारण सभा बोलाउनु आवश्यक देखिएमा लेखा परीक्षकले त्यस्तो सभा बोलाउनको निमित्त समितिलाई अनुरोध गर्न सक्नेछ र समितिले पनि सो बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(३) कोषको चुक्ता पूंजीको कम्तिमा दश प्रतिशत शेयर लिने शेयरवाला वा शेयरवालाहरूको जम्मा संख्याको कम्तिमा पच्चीस प्रतिशत शेयरवालाहरूले कारण खोली विशेष साधारण सभा गराउन कोषमा दरखास्त पठाई मांग गरेमा समितिले कोषको विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

(४) निरीक्षण गर्दा वा अन्य कुनै कारणले विशेष साधारण सभा बोलाउन आवश्यक देखिएमा श्री ५ को सरकारले त्यस्तो सभा समितिद्वारा बोलाउन लगाउन सक्नेछ ।

(५) यस दफा बमोजिम विशेष साधारण सभा बोलाउँदा कम्तिमा सात दिनको म्याद दिई सूचना जारी गर्नु पर्नेछ ।

२५. सञ्चालक समितिको गठन : (१) कोषमा कम्तिमा नौ जना सञ्चालकहरू भएको एउटा सञ्चालक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सञ्चालकहरू रहने छन्:—

(क) श्री ५ को सरकारबाट मनोनित एक जना — सञ्चालक

(ख) नेपाल राष्ट्र बैंकबाट मनोनित एक जना — सञ्चालक

(ग) सिक्यूरिटी खरीद बिक्री केन्द्रबाट मनोनित एक जना — सञ्चालक

(घ) अन्य वित्तीय संस्थाहरू मध्येबाट मनोनित वा निर्वाचित एक जना — सञ्चालक

(ङ) सर्वसाधारण शेयरवालाहरू मध्येबाट निर्वाचित एक जना—सञ्चालक

(च) उद्योग वाणिज्य वा पूंजी बजार सम्बन्धी विषयमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरू वा लगानीकर्ताहरू मध्येबाट श्री ५ को सरकारले मनोनित गरेका तीनजना — सञ्चालक

(छ) कोषको कार्यकारी निर्देशक — सञ्चालक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम मनोनित वा निर्वाचित सञ्चालकहरू मध्येबाट श्री ५ को सरकारले समितिको अध्यक्ष तोक्नेछ ।

(४) समितिले तोकिदिएको कोषको अधिकृत कर्मचारीले कोषको सचिव भै काम गर्नेछ ।

(५) सञ्चालकहरूको कार्यावधि पाँच वर्षको हुनेछ र निजहरू पुनः मनोनित वा निर्वाचित हुन सक्नेछन् ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (२) बमोजिम मनोनित सञ्चालकहरूलाई श्री ५ को सरकार वा सम्बन्धित संस्थाले जुनसुकै वखत हेरफेर गर्न सक्नेछ ।

(७) कार्यावधि पूरा नहुँदै कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि सो पद पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रियाबाट पूर्ति गरिनेछ ।

२६. सञ्चालकको पदमा नियुक्ति हुन वा बहाल रहन अयोग्यता : (१) देहायको कुनै व्यक्ति सञ्चालकको पदमा मनोनित वा निर्वाचित हुन सक्ने छैनः–

(क) २१ वर्ष उमेर नपुगेको,

(ख) मगज बिग्रेको वा बहुलाएको,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) कुनै प्रकारको चोरी वा ठगी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरूपयोग गरेको अभियोगमा अदालत-बाट कसूरदार ठहरी सजाय पाएको,

(ङ) कोषको कुनै ठेक्का पट्टा वा करारमा कुनै प्रकारको निजी स्वार्थ भएको वा,

(च) कुनै बैङ्क वा वित्तिय संस्थाको सञ्चालकको पदमा बहाल रहेको ।

(२) देहायको अवस्थामा कुनै व्यक्ति सञ्चालकको पदमा बहाल रहने छैनः–

(क) उपदफा (१) मा लेखिए बमोजिम सञ्चालकको पदमा मनोनित वा निर्वाचित हुन नसक्ने अवस्था भएमा,

(ख) उचित कारण खोली समितिलाई जनाउ नदिई लगातार तीन पटक सो समितिको बैठकमा अनुपस्थित भएमा,

(ग) समिति वा समितिको निर्णय विरूद्ध कुनै काम गरेमा,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) निजले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ङ) कोषको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा, वा

(च) यस ऐन बमोजिम सजाय हुने कुनै कसूर गरेमा।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि,–

(क) सरकारी चिकित्सकद्वारा प्रमाणित नभएसम्म कुनै व्यक्तिका सम्बन्धमा उपदफा (१) को खण्ड (क) र (ख)मा लेखिएको अयोग्यता लागू हुने छैन।

(ख) श्री ५ को सरकारको स्वीकृति प्राप्त भएमा उपदफा (१) को खण्ड (ङ) मा लेखिएको कुनै व्यक्ति सञ्चालकको पदमा मनोनित हुन र बहाल रहन सक्नेछ।

(ग) कुनै व्यक्तिलाई सञ्चालकको पदमा मनोनित वा निर्वाचित हुन वा बहाल रहन अयोग्य ठहराउन् भन्दा अघि निजलाई आफ्नो सफाईको सबूद पेश गर्ने उचित मौका दिइनेछ।

२७. सञ्चालकहरूको पारिश्रमिक र भत्ताः (१) सञ्चालकहरूले बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता तोकिए बमोजिम हुनेछ।

(२) कुनै सञ्चालकले कोषमा पूरा समय काम गर्ने भएमा त्यस्तो सञ्चालकको मासिक पारिश्रमिक र कोषको काम गर्दाको दैनिक तथा भ्रमण भत्ता तोकिए बमोजिम हुनेछ।

२८. सञ्चालक समितिको अधिकारः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको विनियमका अधीनमा रही कोषको सम्पूर्ण कारोबारको प्रबन्ध गर्नु, अधिकारहरूको प्रयोग तथा कर्तव्यहरूको पालना गर्नु र कोषको सामान्य प्रशासनको सञ्चालन, निर्देशन, रेखदेख र नियन्त्रण गर्नु समितिको कर्तव्य हुनेछ।

(२) समितिले आफूले प्रयोग गर्न पाउने अधिकारहरू मध्ये सबै वा केही अधिकारहरू कुनै सञ्चालक, उप-समिति, कार्यकारी निर्देशक वा कोषको कुनै अधिकृत कर्मचारीलाई सुम्पन सक्नेछ।

२९. समितिको बैठकः (१) अध्यक्षले तोकेको मिति, स्थान र समयमा समितिको बैठक बस्नेछ।

(२) समितिको बैठक वर्षमा कम्तिमा आठ पटक बस्नेछ र दुई बैठकको बीचको अवधि दुई महिना भन्दा बढी हुने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि छलफल गर्न खोजिएका विषय सूची सहित कम्तिमा एक तिहाई सञ्चालकहरूले लिखित अनुरोध गरेमा अध्यक्षले सात दिन भित्रमा समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) कम्तिमा आधा भन्दा बढी सञ्चालकहरू उपस्थित नभई समितिको कुनै पनि बैठक बस्ने छैन ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालकहरूले आफू मध्येबाट छानेको सञ्चालकले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकमा उपस्थित सञ्चालकहरू छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण छुट्टै किताबमा लेखी राख्नु पर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कुराहरू समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

३०. सञ्चालकहरूको जवाफदेही : (१) समितिले जानी जानी वा लापरवाही गरी कोषलाई हानी नोक्सानी गरे वा गराएमा त्यस्तो हानी नोक्सानी प्रत्येक सञ्चालकको घर घरानाबाट दामासाहीले असूल उपर गरिने छ ।

तर त्यस्तो नोक्सानी जुन काम कुराबाट हुन गएको हो सो काम कुरा प्रति लिखित रूपमा आफ्नो विरोध जनाउने वा त्यस्तो काम कुरा हुन लागेको थाहा नपाउने सञ्चालकले त्यस्तो हानी नोक्सानी व्यहोर्नु पर्ने छैन ।

(२) श्री ५ को सरकारको स्वीकृति बमोजिम बाहेक कुनै सञ्चालकले कोष मार्फत आफूलाई व्यक्तिगत फाइदा हुने काम गर्नु गराउनु हुँदैन ।

(३) कुनै सञ्चालकले आफ्नो अधिकार क्षेत्र नाघी गरेको काम कारवाही प्रति निज स्वयं उत्तरदायी हुनु पर्नेछ ।

३१. भई सकेको काम कारवाहीको मान्यता : कुनै सञ्चालकको निर्वाचन वा मनोनयनका सम्बन्धमा यस ऐन अन्तर्गतको कुनै व्यवस्था पालन भएको छैन भन्ने कुरा पछि पत्ता लागेमा सो पत्ता लाग्नु भन्दा अगावै त्यस्तो सञ्चालकले गरेको काम कारवाही सो कुराले मात्र बदर हुने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद –५

कोषको काम कर्तव्य र अधिकार

३२. कोषको काम कर्तव्य : यो ऐनको अधीनमा रही कोषले देहायका कामहरू गर्न सक्नेछः–

(क) एउटा ट्रष्टीको रूपमा बचतकर्तालाई दक्ष लगानी सेवा प्रदान गरी बढी प्रतिफल उपलब्ध गराउने उद्देश्यले तोकिए बमोजिम विभिन्न प्रकृति र किसिमको नागरिक एकाङ्क योजना सञ्चालन गर्ने ।

(ख) स्वेच्छिक वा अनिवार्य लगानीकर्ता हिसाब योजना सञ्चालन गरी जम्मा भएको रकमलाई लगानीकर्ताहरूको हित हुने गरी लगानी गर्ने ।

(ग) आफैं मात्र वा अन्य बैंक वा वित्तिय संस्थासंग मिली कोषले निर्धारण गरे बमोजिम विभिन्न सङ्गठित संस्थाको शेयरको प्रत्याभुती (अण्डरराइटिङ्ग) गर्ने ।

(घ) सङ्गठित संस्थाहरूलाई ब्रिज फाइनान्सीङ्गको सुविधा वा सापटी प्रदान गर्ने ।

(ङ) विभिन्न प्रकारको धितोपत्रमा लगानी र पूनर्लगानीको काम गरी धितोपत्रहरूको स्वामित्व ग्रहण गर्ने ।

(च) सङ्गठित संस्थाको वित्तिय व्यवस्था र बचत तथा लगानीका वैकल्पीक अवसरहरूका बारेमा दक्ष परामर्श सेवा प्रदान गर्ने ।

(छ) धितोपत्र कारोबार ऐन, २०४० को अधीनमा रही दलालको रूपमा कारोबार गर्ने ।

(ज) सङ्गठित संस्थाहरूलाई धितोपत्र जारी गर्न प्रोत्साहित गर्ने तथा प्राथमिक निष्काशन र बिक्री प्रबन्धकको रूपमा आवश्यक सेवाहरू प्रदान गर्ने ।

(झ) कोषद्वारा सञ्चालित लगानीकर्ता हिसाब योजनामा सहभागी लगानीकर्ताहरूलाई धितोपत्रहरू खरीद गर्न सापटी प्रदान गर्ने ।

(ञ) कोषले लगानी गरेको सङ्गठित संस्थाहरूको गठन, व्यवस्थापन तथा नियन्त्रण सम्बन्धी काममा भाग लिने वा सघाउने ।

(ट) नागरिक एकाङ्क योजना वा लगानीकर्ता हिसाब योजनामा जम्मा भएको रकमबाट वा कोषको आफ्नै श्रोतबाट श्री ५ को सरकारद्वारा निष्काशित ऋणपत्रहरूमा लगानी गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) सङ्गठित संस्थाहरूलाई समयकालीन कर्जा (टर्मलोन) दिने ।

(ड) पूंजी बजार विकासका लागि आवश्यकता अनुसार सहायक कम्पनी खडा गर्ने ।

(ढ) विदेश स्थित नेपाली नागरिकबाट एकाङ्क योजनामा सङ्कलन भएको रकम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई विदेशी धितोपत्रमा लगानी गर्ने ।

(ण) कोषले प्रदान गरेको सेवा बापत प्रबन्ध शुल्क, सेवा शुल्क, कमिशन, दलाली दस्तूर र अन्य शुल्कहरू लिने ।

(त) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई विदेशी बैंकहरूसंग बैंकिङ्ग कारोबार गर्ने ।

(थ) चल, अचल वा अन्य कुनै सम्पत्तिहरूको मोल एक मुष्ट वा किस्ताबन्दीमा चुक्ता गरी वा उधारो वा अन्य कुनै प्रकारबाट खरीद गर्ने वा प्राप्त गर्ने वा स्वामित्वमा वा भाडामा लिने र आफ्नो स्वामित्वमा रहेको चल अचल सम्पत्तिहरूको बिक्री गर्ने वा सट्टा पट्टा गर्ने ।

(द) कुनै सङ्गठित संस्थाको वचन बद्धताको करार वा सम्झौता अनुसारको दायित्व पूरा गरी दिने सम्बन्धमा एक ट्रष्टीको रूपमा प्रदान गरेको सुरक्षण वा वचन बद्धताको शर्त अनुसारको काम गर्न स्वीकृति दिने वा त्यस अनुसारको कार्य पूरा गर्ने ।

(ध) कुनै चल अचल सम्पत्तिलाई धितो वा धरौटी वा हाइपोथिकेशन वा सुरक्षणमा लिने वा राख्न स्वीकृति प्रदान गर्ने र आवश्यकता अनुसार कुनै सम्झौता वा करार वा कुनै लिखतहरू वा कागजातहरू स्वीकार गर्ने र आफ्नो हितको संरक्षण र आफूले प्रदान गरेको सुविधाको उद्देश्य अनुरूप उपयोगका लागि शर्तहरू राख्ने ।

(न) यस ऐन अनुसारको काम कर्तव्यहरूको पालन र अधिकारहरूको प्रयोगको सिलसिलामा आई पर्ने अरु काम कुरा गर्ने ।

३३. शर्तहरू राख्ने अधिकार : (१) कोषले कुनै सङ्गठित संस्थासंग कारोबार गर्दा वा कुनै सङ्गठित संस्थालाई कर्जा दिंदा आफ्नो हितको संरक्षण र आफूले प्रदान गरेको कर्जा वा सुविधाको उचित प्रयोगका लागि आवश्यकता अनुसार शर्त राखी लिखत गराउन सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिम लिखत गराउदा कोषले जतिसुकै अवधिको भाखा राख्न, कोषले तोकेको



८२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शर्त भङ्ग गरेमा ऋणी सङ्गठित संस्थाले लिइसकेको कर्जाको सांवा ब्याज फिर्ता बुझाउन लगाउने वा लिखत गराई लिएको सम्पत्ति र जमानतबाट असूल गर्न सक्ने गरी शर्त तोक्न सक्नेछ ।

(३) कोषले कुनै सङ्गठित संस्थालाई कर्जा दिंदा सो सङ्गठित संस्थालाई दिइने कूल कर्जा रकमको एकै पटक लिखत गराई सङ्गठित संस्थाले किस्ता प्राप्त गरेको मिति देखि त्यसको ब्याज हिसाब गर्ने गरी तोकिए बमोजिम किस्ता-बन्दीमा नगद, चेक वा लेटर अफ कमिटमेन्ट वा लेटर अफ क्रेडिटको रूपमा कर्जा प्रदान गर्दै जाने शर्त राख्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम शर्तहरू तोक्दा कोषले कुनै सङ्गठित संस्थाको सञ्चालक समितिमा सञ्चालक नियुक्त गर्ने शर्त समेत राख्न सक्नेछ र त्यस्तो शर्त रहेकोमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सोही शर्त बमोजिम हुनेछ ।

३४. <u>कोषले पाउने विशेष छूट</u> : (१) कोषले ऋणी सङ्गठित संस्था वा जमानीबाट लिखत गराई धितो लिंदा वा धितो लिएको सम्पत्ति कोषको नाममा पारित गराई लिंदा वा कोषले अचल सम्पत्ति खरीद बिक्री गर्दा त्यस्तो कारोबारमा आय टिकट वा रजिष्ट्रेशन दस्तूर लाग्ने छैन ।

(२) लिखत गराई धितो लिएको जायजेथाबाट कोषले सङ्गठित संस्थासंग लिनु पर्ने सम्पूर्ण रकम असूल हुन नसकेमा प्रचलित कानून बमोजिम ऋणी सङ्गठित संस्थाको अन्य सम्पत्तिबाट त्यस्तो बाँकी रकम असूल उपर गर्न सक्नेछ ।

(३) कोषले लिखत गराई कुनै सम्पत्ति धितो लिएको लिखतमा उल्लेख भएको शर्त बमोजिमको म्याद भित्र धितो कब्जा गर्न वा कर्जा असूल गर्न कारवाही नगरेको कारणले मात्र धितो माथिको कोषको अधिकार समाप्त हुने छैन ।

(४) लिखतमा उल्लेखित शर्त बमोजिम धितो कब्जा गरेको, भोगचलन गरेको, भाडा वा ठेक्का पट्टामा दिएको वा मुनाफा बाँडने गरी अरुलाई सञ्चालन गर्न दिएकोमा त्यस्तो कारणले मात्र कोषले लिन पाउने किस्ता खिलाफ गरे बापतको ब्याज तथा थप दस्तूर वा धितो बिक्री गर्न पाउने अधिकारमा असर पर्ने छैन ।

३५. <u>सम्झौता उलंघन गरेमा कोषको अधिकार</u> : (१) कुनै सङ्गठित संस्थाले सम्झौता अनुसार कोषलाई बुझाउनु पर्ने कुनै कर्जा, त्यसको ब्याज र पेस्की बापतको बाँकी रकम नबुझाई कोषसंग भएको लिखतको शर्त उलंघन गरेमा वा त्यस्तो सङ्गठित संस्थाको आर्थिक कारोबार सञ्चालनमा नियन्त्रण गर्नु पर्ने मनासिब माफीकको कारण छ भन्ने समितिलाई लागेमा शर्त बमोजिम भाखाको अवधि



९७
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नपुगेको भएतापनि कोषले ऋणी सङ्गठित संस्थाको व्यवस्थापन तथा आर्थिक कारोबारमा नियन्त्रण गरी वा सो कर्जा बापत धितो रहेको वा ऋणी सङ्गठित संस्थाको अन्य सम्पत्तिहरू कब्जा गरी चलन गर्न, बहाल वा ठेक्का पट्टामा दिन वा लिलाम बढाबढ वा बोलपत्र वा आपसी छलफलद्वारा बिक्री गरी आफूले लिनु पर्ने रकम असूल उपर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ऋणी सङ्गठित संस्थाले दिएको धितो वा उक्त सङ्गठित संस्थाको अन्य सम्पत्ति कब्जा गरी लिलाम बढाबढ वा बोलपत्रद्वारा बिक्री गरेकोमा कोषले लिनु पर्ने रकम लिई बढी भएको रकम सम्बन्धित सङ्गठित संस्थालाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम लिलाम बढाबढ वा बोलपत्रद्वारा ऋणी सङ्गठित संस्थाको सम्पत्ति लिलाम बिक्री भएमा वा त्यसरी लिलाम बिक्री गर्न पटक पटक प्रयास गर्दा पनि बिक्री हुन नसकेमा वा प्राप्त मूल्यमा बिक्री गर्दा कोषको हितमा नभई सो सम्पत्तिको स्वामित्व कोषले आफैले लिने निर्णय भएमा दाखिल खारेज गर्ने अड्डाले त्यसरी लिलाम बिक्रीबाट लिने व्यक्ति वा कोषको नाममा सो सम्पत्ति दाखिल खारेज गरि दिनु पर्नेछ ।

३६. <u>सम्झौताको म्याद समाप्त हुनु अगावै ऋण दिएको रकमको फिर्ता भुक्तानी माग गर्ने अधिकार</u> : सम्झौता वा करार वा अन्य लिखतमा जुनसुकै कुरा लेखिएको भएतापनि कोषले देहायको अवस्थामा सम्झौताको म्याद समाप्त हुनु अगावै लिखित सूचना दिई ऋणी सङ्गठित संस्थासंग आफूले लिनु पर्ने रकमको फिर्ता भुक्तानी माग्न सक्नेछः–

(क) ऋणी सङ्गठित संस्थाले ऋणको लागि दिएको दरखास्तमा कुनै विषयमा झुठ्ठा वा भ्रमात्मक विवरण दिएको छ भन्ने समितिलाई लागेमा ।

(ख) ऋणी सङ्गठित संस्थाले कोषसंग गरेको ऋण सम्झौतामा उल्लेख भएका शर्तहरू पूरा गर्न नसकेमा ।

(ग) ऋणी सङ्गठित संस्था आफू उपर रहेको ऋण सापटी वा पेस्की चुक्ता गर्न असमर्थ छ भन्ने कुरा समितिलाई लागेमा ।



२९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–६

## कोषको लेखा, जगेडा कोष र लाभांश

३७. कोषको लेखा: (१) कोषले आफ्नो हिसाब किताबको लेखा नेपालीमा रित-पूर्वक खडा गरी राख्नु पर्नेछ । कोषले आफ्नो सुविधाको लागि नेपाली साथै अंग्रेजी भाषामा पनि लेखा राख्न सक्नेछ । तर सो बमोजिम दुईवटा लेखा राखि-एकोमा नेपालीमा राखिएको लेखा नै आधिकारीक लेखा मानिनेछ ।

(२) उपदफा (१) बमोजिम राखिने लेखामा कोषको काम कारवाहीको वास्तविक स्थिति यथार्थ थाहा हुने गरी कोषले गरेको लगानी, दिए लिएको ऋण तथा आर्थिक कारोबार, प्रत्येक आम्दानी खर्चको व्यहोरा, मालसामानहरूको खरीद बिक्री र कोषको जायेजथा र दायित्वको विस्तृत विवरण स्पष्ट रुपमा खोली लेखिएको हुनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषले सञ्चालन गरेको लगानीकर्ता हिसाब योजना र नागरिक एकाङ्क योजनाको लेखा छुट्टा छुट्टै राख्नु पर्नेछ ।

(४) श्री ५ को सरकारले स्वीकृति दिएकोमा बाहेक यस दफा बमोजिमको लेखा कोषको कार्यालयमा बाहेक अन्यत्र राख्न पाइने छैन र सञ्चालकले सो लेखा निरीक्षण गर्न चाहेमा जहिले सुकै पनि निरीक्षण गर्न सक्नेछ ।

(५) समितिले तोकिदिएको रकम बाहेक कोषको अरू नगद मौज्दात वाणिज्य बैंक भएको ठाउँमा कुनै वाणिज्य बंकमा नै राख्नु पर्नेछ ।

(६) कोषले प्रत्येक तीन तीन महिनामा आफ्नो शाखाहरूबाट हिसाबको फांटवारी झगाई अध्यावधिक गरी राख्नु पर्नेछ ।

३८. वासलात र लाभ हानीको हरहिसाब: कोषले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र आफ्नो वासलात र लाभ हानीको हरहिसाब तयार गरी त्यसमा कोषको कार्यकारी निर्देशक, मुख्य लेखापाल र कम्तिमा दुई जना सञ्चालकहरूको सही छाप समेत गराई त्यस्तो वासलात र लाभ हानीको हरहिसाब श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

३९. लेखा परीक्षण: कोषको लेखा परीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकद्वारा हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०. जगेडा कोष : कोषले आफ्नो पूंजी र सेवाबाट आर्जन गरेको खूद मुनाफाबाट प्रत्येक वर्ष कम्तिमा बीस प्रतिशत रकम छुट्याई एउटा जगेडा कोष स्थापना गर्नु पर्नेछ ।

४१ लाभांशको वितरण : कोषले आर्जन गरेको खूद मुनाफाबाट कोषको प्रारम्भिक तथा अघिल्लो वर्षको कुनै नोक्सानी भए सो पूर्ति गरे पछि र दफा ४० बमोजिमको रकम जगेडा कोषमा सारे पछि मात्र शेयरवालाहरूलाई लाभांश वितरण गर्न सकिनेछ ।

## परिच्छेद–७
## विविध

४२. कर्मचारीको व्यवस्था : (१) कोषको दैनिक कार्य सञ्चालनको लागि श्री ५ को सरकारले एक जना कार्यकारी निर्देशक नियुक्त गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको कार्यावधि पाँच वर्षको हुनेछ श्री ५ को सरकारले निजको कार्यावधि पुनः पाँच वर्षको लागि थप गर्न सक्नेछ ।

(३) कोषको काम कारोबार सुचारू रुपले सञ्चालन गर्नको लागि समितिले आवश्यकता अनुसार सल्लाहकार, अधिकृत र कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम नियुक्त कार्यकारी निर्देशक, सल्लाहकार, अधिकृत र कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ ।

४३. प्राविधिक उप-समिति : (१) कोषको कार्य सुचारू रुपले सञ्चालन गर्न र नागरिक एकाङ्क योजना तथा लगानीकर्ता हिसाब योजनाको दक्ष व्यवस्थापनको लागि समितिले आवश्यकता अनुसार विभिन्न प्राविधिक उप-समितिहरू गठन गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम गठित उप-समितिहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४४. शपथ लिनु पर्ने : कोषको प्रत्येक सञ्चालक, कार्यकारी निर्देशक, सल्लाहकार, प्राविधिक उप-समितिका सदस्यहरू र अधिकृत तथा कर्मचारीहरूले आफ्नो पदमा बहाल हुनु भन्दा अगावै तोकिए बमोजिम शपथ लिनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५. समितिलाई मुलतवी राख्न सक्ने श्री ५ को सरकारको अधिकार : (१) समितिले यस ऐन बमोजिम गर्नुपर्ने काम गर्न नसकेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी बढीमा एक वर्षसम्म समितिलाई मुलतवी राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिलाई मुलतवी राखिएमा सो समितिले यस ऐन बमोजिम गर्नु पर्ने सम्पूर्ण काम तथा कारोबार सञ्चालन गर्न श्री ५ को सरकारले कुनै व्यक्ति, व्यक्तिहरूको समिति वा संस्थालाई मुकरर गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिको काम तथा कारोबार सञ्चालन गर्न मुकरर भएका व्यक्ति, व्यक्तिहरूको समिति वा संस्थाले यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियमहरू बमोजिम गरेको सम्पूर्ण काम तथा कारोबार यस ऐन बमोजिम गठन भएको समितिले गरे सरह मान्य हुनेछ ।

४६. श्री ५ को सरकारसंग सम्पर्क : कोषले श्री ५ को सरकारसंग सम्पर्क राख्दा अर्थ मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

४७. वार्षिक प्रतिवेदन : समितिले आर्थिक वर्ष समाप्त भएको नौ महिना भित्र लेखा-परिक्षकको प्रतिवेदन र कोषको काम तथा कारोबारसंग सम्बन्धित कुराको प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

४८. श्री ५ को सरकारले आदेश वा निर्देशन दिन सक्ने : श्री ५ को सरकारले देशको मुद्रा तथा पूंजी बजारको स्थिति र लगानीकर्ताको हितलाई ध्यानमा राखी आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ र त्यस्तो आदेश वा निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ ।

४९. नेपाल राष्ट्र बैङ्कले आदेश वा निर्देशन दिन सक्ने : नेपाल राष्ट्र बैङ्कले देशको मौद्रिक स्थितिलाई ध्यानमा राखी कोषको प्रभावकारिता बढाउने उद्देश्यले कोषलाई समय समयमा आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ। त्यस्तो आदेश वा निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ ।

५०. निरीक्षण तथा जाँचबुझ (१) श्री ५ को सरकारले कोषको काम तथा कारोबारको जाँचबुझ गर्न निरीक्षक नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गत नियुक्त भएको निरीक्षकले कोषमा रहेको सबै खाताहरू र कागजपत्र जाँच्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस दफा अन्तर्गत नियुक्त भएको निरीक्षकले श्री ५ को सरकार समक्ष निरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

५१. आयकर छूट हुने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कोषले गरेको लगानीबाट आर्जित आम्दानीमा लाग्ने आयकर पूर्णरूपले छूट हुनेछ ।

(२) कोषमा गरिएको लगानी र सोबाट प्राप्त हुने आम्दानीमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अवधि र सिमा-सम्म आयकर छूट दिन सक्नेछ ।

५२. कोषको विशेष अधिकार : यो ऐन बमोजिम कोषले प्रदान गर्ने लगानी, नागरिक एकाङ्क योजना तथा लगानीकर्ता हिसाब योजना अन्तर्गतको बचतकोष, लगानी प्रबन्ध तथा अन्य सेवाहरूको शर्तहरू तोक्ने र सो मा लिने कमिशन, सेवा शूल्क र दस्तूरहरू कोषले तोक्न सक्नेछ ।

५३. कोषको ऋण लगानीको सुरक्षा : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए-तापनि कोषले कर्जा लगानी गरेको कुनै सङ्गठित संस्था विघटन भएमा त्यस्तो सङ्गठित संस्थाको जायजेथामा सब भन्दा पहिलो हकदावी कोषको रहनेछ ।

५४. गोप्यता कायम राख्नु पर्ने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए-तापनि कोष र ग्राहकहरूको सम्बन्ध तथा कोषको कारोबार वा लेखाको विवरण सरोकारवाला बाहेक अरू कसैलाई दिइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मुद्दा मामिला वा अन्य कानूनी कारावाहीको सिलसिलामा अदालत, लेखापरीक्षणको सिलसिलामा लेखा परीक्षक वा निरीक्षणको सिलसिलामा खटी आएका निरीक्षकलाई निरीक्षण गर्न दिएकोमा कोषको कारोबार वा लेखाको गोपनियता भङ्ग गरेको मानिने छैन ।

(३) कोषको कारोबार वा लेखाको निरीक्षण गर्दा अदालत, लेखा परीक्षक वा अरु कसैले पनि कोषको कारोबार वा लेखाको गोपनियता भङ्ग गर्न हुँदैन ।

५५. कोष विघटन हुन सक्ने : देहायका अवस्थामा कोष विघटन हुन सक्नेछ:—

(क) नागरिक एकाङ्क योजना अन्तर्गत एकाङ्कवालालाई र लगानीकर्ता हिसाब योजना अन्तर्गत लगानीकर्तालाई फिर्ता गर्नुपर्ने रकम फिर्ता गर्न, तिर्नु पर्ने अन्य ऋण तिर्न वा यो ऐन बमोजिम काम गर्न कोष असमर्थ छ भन्ने श्री ५ सरकारलाई लागेमा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै मनासिब कारणबाट कोषलाई खारेज गर्ने गरी श्री ५ को सरकारले निर्णय गरेमा ।

५६. लिक्वीडेटरको नियुक्ती : (१) दफा ५५ बमोजिम कोष विघटन हुने भएमा श्री ५ को सरकारले लिक्वीडेटर नियुक्ती गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ती भएको लिक्वीडेटरको कर्तव्य र अधिकार कम्पनी ऐन, २०२१ अन्तर्गतको सरकारी लिक्वीडेटरको सरह हुनेछ ।

(३) लिक्वीडेटरलाई श्री ५ को सरकारले तोकिदिएको पारिश्रमिक वा भत्ता कोषबाट प्राप्त हुनेछ ।

५७. दायित्व भुक्तानी गर्ने प्राथमिकताको क्रम : कोष विघटन गर्दा निम्नलिखित प्राथमिकताको आधारमा दायित्वको भुक्तानी दिनु पर्नेछ :–

(क) विघटन गर्दा लागेको खर्च ,

(ख) कोषका कर्मचारी वा कामदारले पाउनु पर्ने पारिश्रमिक तथा अन्य बाँकी रकम ।

(ग) लगानीकर्ता हिसाब योजना, नागरिक एकाङ्क योजना र समूहगत बचत परियोजनाको रकम,

(घ) ऋण रकम, र

(ङ) श्री ५ को सरकारलाई तिर्नु पर्ने रकम ।

५८. दण्ड सजाय : (१) यो ऐन अन्तर्गत कोषले गरेको लगानी वा प्रदान गरेको कर्जा वा अन्य कुनै सुविधाको निमित्त कोषलाई उपलब्ध गराएको कुनै विवरण वा प्रमाणपत्र वा धितो राखिएको कुनै रसिद वा अरु कुनै कागजातमा कसैले जानी जानी झुट्टा व्यहोरा पारेमा वा पार्न लगाएमा त्यसबाट कोषलाई कुनै हानी नोक्सानी भएमा सो रकम बराबर बिगो भराई त्यस्तो व्यक्तिलाई पाँच हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ५४ विपरित गोप्यता भङ्ग गरेमा निजलाई तीन हजार रूपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) कसैले दफा ५० अन्तर्गत नियुक्त भएको निरीक्षकलाई निजको काममा बाधा विरोध गरेमा वा निजले जाँच्न चाहेको लेखा वा कागजपत्र कुनै मनासिब कारण बिना जाँच्न नदिएमा त्यस्तो व्यक्तिलाई दुई हजार रूपैयाँसम्म जरिवाना वा दुई महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कसैले कोषको लिखित स्वीकृत नलिई कुनै विवरणपत्र वा विज्ञापनमा कोषको नाम प्रयोग गरेमा निजलाई एक हजार रूपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

५६. विनियम बनाउने अधिकार : कोषले यो ऐनको अधीनमा रही आफ्नो आन्तरिक कामकारवाही सुव्यवस्थित गर्नको लागि श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक विनियमहरू बनाउन सक्नेछ ।

लालमोहर सदर मितिः– २०४७।१२।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

E26 C23



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

C30

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।